# तुलसीपुर मेट्रो कलेज (Tulsipur Metro College)

## तुलसीपुर १२ हरिपौरी दाङमा

## करारमा कर्मचारी/शिक्षक छनौट तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३

तुलसीपुर मेट्रो कलेजको शैक्षिक सेवा व्यवस्थित र प्रभावकारी बनाउन यस तुलसीपुर मेट्रो कलेज सञ्चालक समितिले स्वीकृत गरेको कर्मचारी तथा शिक्षक दरवन्दीको अधिनमा रही शिक्षक तथा कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि तुलसीपुर मेट्रो कलेज संचालन समितिले तुलसीपुर मेट्रो कलेज संचालन ऐन २०७८ को दफा २८ को उपदफा ४ बमोजिम तुलसीपुर मेट्रो कलेज करारमा कर्मचारी/ शिक्षक छनौट तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८३ बनाई स्वीकृत गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " तुलसीपुर मेट्रो कलेज करारमा कर्मचारी/ शिक्षक छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

ख. यो कार्यविधि कलेज संचालक समितीले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष" भन्नाले तुलसीपुर मेट्रो कलेजको संन्चालक समितिको अध्यक्ष सम्झनु पर्दछ।

ख. "ऐन" भन्नाले "तुलसीपुर उपमहानगरपालिकाको तुलसीपुर मेट्रो कलेज संचालन ऐन २०७८", सम्झनु पर्दछ।

ग. "कार्यविधि" भन्नाले "तुलसीपुर मेट्रो कलेज करारमा कर्मचारी/ शिक्षक छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३" सम्झनुपर्दछ।

घ. "कार्यालय" भन्नाले तुलसीपुर मेट्रो कलेजको कार्यालय सम्झनु पर्दछ।

ङ. " कर्मचारी" भन्नाले कलेजमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ।

च. " शिक्षक" भन्नाले कलेजमा अध्यापनरत सहायक प्राध्यापक, उपप्राध्यापक र सहप्राध्यापकलाई सम्झनुपर्दछ।

छ. "आंशिक शिक्षक" भन्नाले कलेजमा कोर्स कन्ट्रयाक्टमा अध्यापन गराउने शिक्षक भन्ने सम्झनुपर्दछ।

ज. "समिति" भन्नाले कलेज सञ्चालक समिति सम्झनुपर्दछ।

झ. "पदपूर्ति" भन्नाले कलेजका लागि आवश्यक शिक्षक कर्मचारी खुला विज्ञापन या बढुवाबाट गरिने पदपूर्ति सम्झनुपर्दछ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः**

(१) तुलसीपुर मेट्रो कलेजको करारमा कर्मचारी र प्रशिक्षक राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

(२) तुलसीपुर मेट्रो कलेजले देहायको सेवासँग सम्बन्धित शिक्षक तथा कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) कानून विषयसँग सम्बन्धित

(ख) व्यवस्थापन विषयसँग सम्बन्धित

(ग) होटेल व्यवस्थापनसँग सम्बन्धित

(घ) अन्य प्रशासन ,लेखा तथा विविध सेवा संग सम्बन्धित।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

४. **छनौट सम्बन्धी व्यवस्था:** दफा ३ (२) बमोजिमका शिक्षक तथा कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौटका लागि परीक्षा संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) कर्मचारीको अनुसूचि - १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेवसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

**५. पाठ्यक्रमः**

(१) आवेदन फारामको नमूना अनुसूची - ३ बमोजिम हुनेछ । आवेदन दस्तुर लुम्बिनी बौद्ध विश्वविद्यालय मुल्यांकन/ परीक्षा छनौट कार्यविधि अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका आवेदनहरुको अधिकृतस्तरको पदमा बिषयगत ६० अंक र बस्तुगत परीक्षा ४० अंक ,अन्तर्वार्ता ,अनुभव ,शैक्षिक योग्यता लगायत गरी ३० अंक गरि कुल १३० अंक र सहायकस्तरका पदहरुमा ६० अंकको बस्तुगत प्रश्न, अन्तर्वार्ता , अनुभव , शैक्षिक योग्यता लगाएत गरि ४० अंक गरि कुल १०० अंकको आधारमा परीक्षा संचालन गर्नु पर्नेछ । प्रश्नपत्र तयारी तथा परिक्षण सम्बन्धि कार्यका लागि पदपूर्ति समितिले बिषय बिज्ञको सहयोग लिन सक्नेछ ।

(३) बिषयगत शिक्षकको हकमा लिखित परीक्षा १०० पुर्णाकको हुनेछ जसमा ६० अंक विषयगत र ४० अंक वस्तुगत प्रश्न रहनेछन्। अन्तर्वार्ता अनुभव शैक्षिक योग्यता लगायत गरी ३० नम्बर हुनेछ यसरी कुल १३० नम्बरको परीक्षा हुनेछ। लिखित परीक्षाको उत्तिर्णांक ४० रहनेछ।

(४) पाठ्यक्रम लुम्बिनी बौद्ध विश्वविद्यालय करार सेवामा शिक्षण सेवाका पदहरुको छनौट सम्बन्धि कार्यविधि निर्देशिका २०७८ (संशोधन २०७९ सहित) तोकिए बमोजिम हुनेछ। सोका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय केन्द्रीय कार्यालयको समन्वयमा पाठ्यक्रम तयार गरी पदपुर्ति समितिले स्वीकृत गर्नेछ।

(५) आंशिक शिक्षक राख्नुपर्दा सार्वजनिक सूचनामार्फत एकमुष्ट आव्हान गरेर अनुभव प्राप्तांक र अन्तर्वार्ताको आधारमा छनोट गरिनेछ। यसरी छनोट गर्दा शैक्षिक योग्यतालाई ४० अंक अन्तर्वार्तालाई ४० अंक र अनुभवलाई २० अंक प्रदान गरिनेछ। प्राप्तांकको आधारमा शिक्षकको सूचि तयार पारेर आवश्यकताको आधारमा कलेज प्रमुखले करार गरेर काममा लगाउन सकिनेछ।

(६) प्रश्न पत्र तयारी ,उत्तरपुस्तिका परिक्षण लगाएतको कार्य कर्मचारी पदपूर्ति समितिले गोप्यता कायम रहने गरि गर्नुपर्नेछ। गोप्यता भंग भएको प्रमाणित भएमा वा अख्तियार दुरुपयोग भए वा गरेको प्रमाणित भएमा संचालक समितिले समिति भंग गरि नियामानुसार कारवाही गर्न सक्नेछ|

(७) लिखित परीक्षामा उतिर्ण परीक्षार्थीको हकमा देहायको आधारमा पदपूर्ति समितिले मूल्याङ्कन गरी गर्नुपर्नेछ :

क. शैक्षिक योग्यता वापत - १० अंक, (विशिष्ट श्रेणी वापत १० अंक , प्रथम श्रेणी वापत ९ अंक , द्धितीय श्रेणी वापत ८ , तृतीय श्रेणी वापत ७ , (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) । सिजिपिए तथा जीपीए परिक्षा प्रणालीको हकमा श्रेणी छुटिएको हकमा सोहि वमोजिम ,अन्यको हकमा कुल प्राप्तांकलाइ २२.५० प्रतिशतले गुणा गरि आउने प्रतिशत अंकलाई आधार मानि श्रेणी निर्धारण गरि अंक प्रदान गर्नु पर्नेछ।

ख. कार्य अनुभव वापत -सम्बन्धित ब्रिषयमा अनुभव वापत मात्र अंक प्रदान गरिनेछ | जसको लागि ५ (पाँच) अंक (प्रति वर्ष १ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।

ग. अन्तर्वार्तामा अधिकतम १५ अंक। यस अनुसार अकं प्रदान गर्दा न्युनतम ४० प्रतिशत भन्दा कम र अधिकतम ७० प्रतिशत भन्दा बढी अंक प्रदान गर्दा कारण खुलाउनु पर्नेछ।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मैत्री कलेज

Scanned with CamScanner

**६.पदपुर्ति सम्बन्धि व्यवस्था**

कलेजमा स्थायी, अस्थायी, करार, ज्यालादारी पदपुर्तिका लागि एक पदपुर्ति समिति हुनेछ। पदपुर्ति समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्।

*संयोजक - तुलसीपुर उमनपा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा अधिकृतस्तरको कर्मचारी*

*सदस्य- शिक्षा महाशाखा प्रमुख*

*सदस्य - लुम्बिनी बौद्ध विश्वविद्यालयको प्रतिनिधि*

*सदस्य सचिव - कलेज प्रमुख*

**७. पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ।**

क. सञ्चालक समितिले गरेको निर्णय अनुसार परीक्षा सञ्चालन प्रक्रिया अगाडी वढाउने।

ख .लिखित र मौखिक परीक्षाका लागि विज्ञ र परीक्षा केन्द्र तोक्ने।

ग. परीक्षाको मिति र समय तोक्ने।

घ. परीक्षा समिति गठन गर्ने।

ङ . अन्तिम नतिजा प्रकाशन गर्ने।

च. परीक्षा सञ्चालनका क्रममा केही जटिलता उत्पन्न भएमा सञ्चालक समितिको राय लिने।

छ. विषय विज्ञद्वारा तयार पारिएको पाठ्यक्रम स्वीकृत गर्ने।

**८. विज्ञ छनोटको मापदण्ड :** परीक्षामा प्रश्नपत्र निर्माण र अन्तर्वार्ता सञ्चालनका लागि सम्बन्धित विषयको विज्ञ छनोट गरिनेछ। यसरी विज्ञको छनोट गर्दा निम्नकुराको मापदण्ड पालना गर्नुपर्नेछ।

क. विश्वविद्यालयमा अध्यापन गराई रहेको उपप्राध्यापकभन्दा माथिल्लो तहको हुनुपर्नेछ।

ख. सम्बन्धित विषयको क्षेत्रमा योग्यता हासिल गरेको र कम्तिमा २ वर्ष शिक्षण अनुभव भएको स्वघोषणा गर्न मन्जुर रहेको।

ग. प्रश्नपत्र निर्माण तथा परीक्षासम्बन्धी गोपनीयता कायम हुने गरी आवश्यक समयमा विज्ञलाई जानकारी गराइनेछ।

घ. परीक्षा सञ्चालन गर्दा कुनै पनि विवाद या कारबाहीमा नपरेको हुनुपर्नेछ।

**९. सूचिकरणको विवरण प्रकाशन गर्ने :** (१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिम पदपूर्ति समितिको सिफारिसको आधारमा सदस्य सचिवले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, आदि समेत उल्लेख गरी वर्णानुक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ।

(४) छनौट सम्बन्धि अन्य व्यवस्था पदपूर्ति समितिले तोके वमोजिम हुनेछ।

१०. **करार गर्ने:**

(१) पदपुर्ति समितिले सिफारिस गरेको उम्मेदवारलाई कलेज प्रमुखले ७ (सात) दिनको म्याद दिइ करार गर्न सूचना दिनुपर्नेछ। करार गराउँदा अनुसुचि १ मा तोकिएको मापदण्डमा आधारमा करार गराउने।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करार म्याद थप गर्नको लागि आवश्यक ठानेमा संचालक समितिको म्याद थपको निर्णय वमोजिम सुरु करार सरह मानि सम्झौता गरिनेछ।

(७) कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त्य गरी काम छोडेमा त्यस्तो व्यक्ति पुनः करारमा काम गर्ने अवसर दिईने छैन,सो को जानकारी लुम्बिनी बौद्ध विश्वविद्यालय तथा तुलसीपुर उपमहानगरपालिकामा समेत जानकारी गराइनेछ।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ।

**११. सेवा शर्त, सुविधा र अवधि :**

(१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका शिक्षक तथा कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२)कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेंदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ। यसका लागि प्रमुख प्रशासकीय अधिकृतको स्विकृति अनिवार्य हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन।

**१२.करार समाप्ती:** (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा स्थायी पदपूर्ति भई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ।

(२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत बिभाग वा शिक्षालयको निर्देशकले सिफारिस गरेमा अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ।

**१३. विविध:** यस कार्यविधि कार्यान्वयन क्रममा कुनै बाधा परेमा त्यस्तो बाधा अड्चन फुकाउन थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी तुलसीपुर मेट्रो कलेज संचालक समितिले आवश्यक निर्णय तथा व्यवस्था गर्न सक्नेछ।

**१४.** यो कार्यविधि भन्दा पहिले लिएको शिक्षक र कर्मचारीको हकमा यसै कानून बमोजिम भएको मानिनेछ।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

अनुसूची - १

(बुँदा ४.१सँग सम्बन्धित कार्यविवरणको ढाँचा)

## तुलसीपुर मेट्रो कलेज

लुम्बिनी प्रदेश, नेपाल

**कार्य विवरणको नमुनाः**

शिक्षक कर्मचारीको पद

काम गर्नुपर्ने स्थानः

शिक्षक कर्मचारीको नामः

सुपरिवेक्षकः

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

कार्य विवरणः

१.

२.

३.

४.

५.

६.

७.

टिकाराम खड्का

अध्यक्ष

तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

अनुसूची - २
(बुँदा ४.१सँग सम्बन्धित आवेदनको ढाँचा)

# तुलसीपुर मेट्रो कलेज

**तुलसीपुर १२ हरिपौरी दाङ**

**लुम्बिनी प्रदेश नेपाल**

**करारमा सेवा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति : २०७ /   /   )

तुलसीपुर मेट्रो कलेज करारका लागि .............................(विषयगत शाखा) मा रहने गरी ........................................................(पद) को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ।
यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.tulsipurmetrocollege.edu.np बाट उपलब्ध हुनेछ।

| पद नाम | संख्या |
|---|---|
| | |
| | |

**२. शैक्षिक योग्यता र अनुभव (नमुना) :**

१. नेपाली नागरिक।

२. न्यूनतम योग्यता (जस्तैः नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट कुनै सम्बद्ध विषयमा स्नातकोत्तर गरेको ।

३. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

**३. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

अनुसूची - ३

(बुँदा ४.२ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

# तुलसीपुर मेट्रो कलेज

तुलसीपुर प्रदेश नेपाल।

| हालसाले खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

## करारको लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा . | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा) | (ईस्वि संवतमा) | |
| बाजेको नाम, थर : | | हालको उमेर : वर्ष | महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |
| कार्यालयले भर्ने: | | |

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

| | | |
|---|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, आवश्यक पर्ने भए व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर

अनुसूची - ४

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

# तुलसीपुर मेट्रो कलेज

तुलसीपुर १२ हरिपौरी दाङ

## करार सम्झौता

तुलसीपुर मेट्रो कलेज तुलसीपुर १२ हरिपौरी दाङ लुम्बिनी प्रदेश नेपाल, (यसपछि पहिलो पक्ष भनिएको) र ...................जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ........................................................ (यसपछि दोश्रो पक्ष भनिएको) का बीच तुलसीपुर मेट्रो कलेज (............. पदमा ) कामकाज गर्न गराउन मिति २०७ /......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१: **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. **काम गर्नु पर्ने स्थान :**............................................... ।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षरेपी रु. ............................................ पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालना:** दोश्रो पक्षले तुलसीपुर उपमहानगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

५. **कलेजलाई जानकारी:** यस कलेजमा पूर्णकालिन शिक्षक या कर्मचारीकोरुपमा कार्यरत रहेकाले अन्यत्र संस्थामा कार्य गर्दा अनिवार्यरुपमा कलेजलाई जानकारी गराउनुपर्नेछ। अन्यथा कानुन अनुसार आवश्यक कारबारी गरिनेछ।

६. **विदा:** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ।

७. **कार्यालय सम्पत्तिको सुरक्षा:** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

८. **गोप्यता:** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई कराबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षितिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

९. **करार अवधि:** यो करार २०७... ।........।.........देखि लागु भई २०७.....असार ३० सम्मको लागि हुनेछ।

१०. **कार्यसम्पादन मूल्यांकन:** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ।

११. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य:** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछं र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन।

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner

दोस्रो पक्षले करार सम्झौता रद्द गर्दा अनिवार्यरुपमा एक महिना अगावै जानकारी गराउनुपर्नेछ । यसरी विना जानकारी कलेज छाडेमा शिक्षालयको नियमानुसार आवश्यक कारबाही गरिनेछ ।

१२. दावी नपुग्ने: दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुने: यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**तुलसीपुर मेट्रो कलेजको तर्फबाट :**

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छापः

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति):**

हस्ताक्षर :

नाम :

ठेगाना :

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

## तुलसीपुर मेट्रो कलेज

तुलसीपुर १२ हरिपौरी दाङ

अनुसूची - ५

(बुँदा ७.२ सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)

च.नं. मितिः

प.सं.

श्री ....................................,

ठेगाना .......................

विषयः **करार सम्बन्धमा।**

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ......................... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस कलेजको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ।

....................

नियुक्ति दिने अधिकारी

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन।

श्री तुलसीपुर उप महानगरपालिकाको कार्यालय |

टिकाराम खड्का
अध्यक्ष
तुलसीपुर मेट्रो कलेज

Scanned with CamScanner